बैठक नं. ९

आ.व. २०८२/०८३

आज मिति २०८२/९/३० गते नगरकार्यपालिकाको बैठक मध्यविन्दु नगरकार्यपालिकाको सभाहलमा नगर प्रमुख श्री भिमलाल अधिकारी ज्यूको अध्यक्षता र तपसिलका नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो।

तपसिलः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भिमलाल अधिकारी | नगर प्रमुख | |
| २ | पूर्णकला चौधरी | नगर उपप्रमुख | |
| ३ | तिलकराम न्यौपाने | वडाध्यक्ष वडा नं.१ | |
| ४ | रामभक्त अधिकारी | वडाध्यक्ष वडा नं.२ | |
| ५ | मान बहादुर महतो | वडाध्यक्ष वडा नं.३ | |
| ६ | डिल्लीराम थारु | वडाध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद पाठक | वडाध्यक्ष वडा नं.५ | |
| ८ | लाभ प्रसाद पाठक | वडाध्यक्ष वडा नं.६ | |
| ९ | कर्ण बहादुर मल्ल | वडाध्यक्ष वडा नं.७ | |
| १० | पर्शुराम महतो | वडाध्यक्ष वडा नं.८ | |
| ११ | मदन बहादुर कुमाल | वडाध्यक्ष वडा नं.९ | |
| १२ | रण बहादुर थापा क्षेत्री | वडाध्यक्ष वडा नं.१० | |
| १३ | महेश्वर भुषाल | वडाध्यक्ष वडा नं.११ | |
| १४ | कान्ता प्रसाद कुमाल | वडाध्यक्ष वडा नं.१२ | |
| १५ | अर्जुन प्रसाद पंगेनी | वडाध्यक्ष वडा नं.१३ | |
| १६ | मिन बहादुर दर्लामी मगर | वडाध्यक्ष वडा नं.१४ | |
| १७ | यम बहादुर के.सी. | वडाध्यक्ष वडा नं.१५ | |
| १८ | शिव कुमारी मल्ल | नगर कार्यपालिका सदस्य | |
| १९ | कोपिला ज्ञवाली पौडेल | नगर कार्यपालिका सदस्य | |
| २० | नारायणी कार्की | नगर कार्यपालिका सदस्य | |
| २१ | शान्ता बि.क. | नगर कार्यपालिका सदस्य | |
| २२ | हिरा कुमारी कुमाल | नगर कार्यपालिका सदस्य | |
| २३ | उमा कुमाल | नगर कार्यपालिका सदस्य | |
| २४ | कृष्ण प्रसाद वि.क. | नगर कार्यपालिका सदस्य | |
| २५ | प्रकाश परियार | नगर कार्यपालिका सदस्य | |
| २६ | विपिन क्षेत्री | सचिव | |

अन्य उपस्थितिः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | पदमराज आचार्य | उपसचिव | |
| २ | सुमनराज रेग्मी | व.लेखा अधिकृत | |
| ३ | भोलानाथ शर्मा पौडेल | प्रशासकीय अधिकृत | |
| ४ | माधव प्रसाद देवकोटा | ईन्जिनियर | |
| ५ | विवेक पोखरेल | ईन्जिनियर | |
| ६ | अनिल आचार्य | प्रशासकीय अधिकृत | |
| ७ | रवि थनेत | सूचना प्रविधि अधिकृत | |
| ८ | विकास नरसिंह राणा | स. प्रशासकीय अधिकृत | |
| ९ | जयसोर भुसाल | सि.अ.हे.व. छैठौं | |
| १० | प्रेम बहादुर [illegible] | [illegible] | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |

नवौं कार्यपालिका बैठक

आ.व.२०८२/०८३

मिति:२०८२/९/३०

समय: दिउसो २.०० बजे

स्थान: नगरकार्यपालिकाको कार्यालय

प्रस्तावहरु:

१. समीक्षा सम्बन्धमा।

२. साधारण निर्माणमुखी माटोको IEE स्वीकृत गरी उत्खनन् अनुमति सम्बन्धमा।

३. नगरपालिका भित्र रहेका क्रसर उद्योग, बालुवा प्रशोधन केन्द्र, अस्फाल्ट प्लान्ट, इट्टा उद्योग सम्बन्धमा।

४. अरुणखोला र गिरुवारी खोलाको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको संशोधन सम्बन्धमा।

५. विपद् व्यवस्थापनको भुक्तानी सम्बन्धमा।(बतासा राईकोटे खण्ड)

६. जफत भएको ढुङ्गा (नदीजन्य पदार्थ) नापजाँच सम्बन्धमा।

७. नगरपालिकाको संगठन व्यवस्थापन तथा सर्वेक्षण अध्यावधिक सम्बन्धमा।

८. करार कर्मचारीको म्याद थप सम्बन्धमा।

९. एम्बुलेन्स खरिद सम्बन्धमा।

१०. भगिनी (Sister city) सम्बन्ध विस्तार सम्बन्धमा।

११.आ.व. २०८३/०८४ का लागि संघीय समपुरक, संघीय विशेष आयोजना छनौट सम्बन्धमा।

१२. नगरमा सूचिकृत बेरोजगारहरुको प्राथमिकीकरणको प्रमाणीकरण सम्बन्धमा।

१३. स्थानीय कार्यक्रम कार्यान्वयन समिति गठन सम्बन्धमा।

१४. बिक्री वितरण रोक्का सम्बन्धमा।

१५. घुम्ती क्रसर सम्बन्धमा।

१६. बजेट विनियोजन सम्बन्धमा।

१७. माटोको अनुमति सम्बन्धमा।

१८. उजुरी प्रशासकको जिम्मेवारी सम्बन्धमा।

निर्णयहरु:

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको विषयमा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन माथि समीक्षा गरियो।

२. नगर क्षेत्रभित्र विभिन्न व्यक्तिहरुको निजि जग्गाको माटो उत्खनन्, संकलन तथा बिक्री बितरणको लागि देहायका प्रस्तावकहरुबाट पेश भएका संक्षिप्त वातावरणीय अध्ययन प्रतिबेदन

३. नगरपालिका भित्र रहेका क्रसर उद्योग, बालुवा प्रशोधन केन्द्र, अस्फाल्ट प्लान्ट, इट्टा उद्योग सम्बन्धमा फिल्ड अनुगमन तथा निरीक्षण गरी पेश भएको प्रतिवेदन उपर छलफल भयो। हालसम्म नगरपालिकामा सूचिकृत तथा नविकरण नभएका देहायका क्रसर उद्योग, बालुवा प्रशोधन केन्द्र, अस्फाल्ट प्लान्ट, इट्टा उद्योग लगायतका ठुला उद्योगहरुलाई १५ दिनको म्याद दिई सूचिकृत /नवीकरणका लागि सम्बन्धित व्यवसायीलाई लेखि पठाउने र सो समयावधि भित्र सूचिकृत /नवीकरण नहुने व्यवसायीको हकमा प्रचलित कानून बमोजिम गर्ने।

| क्र. सं. | व्यवसायको नाम | ठेगाना | दर्ता/ नवीकरण भएको आर्थिक वर्ष | कैफियत |
|---|---|---|---|---|
| १ | मध्यविन्दु क्रसर उद्योग | मध्यविन्दु-७ | २०७७/७८ | |
| २ | सुपा निर्माण कम्पनी प्रा.लि. | मध्यविन्दु-१३ | २०८०/८१ | |
| ३ | न्यू मनकामना मिलर प्रोडक्ट प्रा. लि. | मध्यविन्दु-८ | २०७६/७७ | |
| ४ | आरुङ्ग बालुवा प्रशोधन केन्द्र | मध्यविन्दु-१३ | २०७७/७८ | |
| ५ | आरुङ्गखोला बालुवा प्रशोधन उद्योग | मध्यविन्दु-१० | सूचिकृत नभएको | |
| ६ | देवि मनकामना बालुवा प्रशोधन उद्योग | मध्यविन्दु-११ | सूचिकृत नभएको | |
| ७ | मिड डेभलपर्श प्रा.लि. | मध्यविन्दु-९ | सूचिकृत नभएको | |
| ८ | नवलपुर इट्टा उद्योग | मध्यविन्दु-१ | २०७८/७९ | |
| ९ | ट्राभा ब्रिक प्रा.लि.१ | मध्यविन्दु-४ | सूचिकृत नभएको | |
| १० | भवानी नेशनल विल्डर्स प्रा. लि. | मध्यविन्दु-११ | सूचिकृत नभएको | |
| ११ | के फिफ्टी प्लाण्ट (RMC) | मध्यविन्दु-१५ | सूचिकृत नभएको | |

४. आरुङ्गखोला र गिरुवारी खोलामा अत्याधिक मात्रामा जम्मा भएर रहेको नदीजन्य पदार्थको उत्खनन तथा व्यवस्थापन गर्नका लागि नारायणी ट्रेनिङ्ग एण्ड इन्जिनियरिङ्ग प्रा.लि. गैडाकोटले तयार गरेको IEE प्रतिवेदनको अध्यावधिक प्रतिवेदन प्राप्त राय सुझावलाई समेत समावेश गरी स्वीकृत गर्ने।

५. मध्यविन्दु १४ बतासा राईकोटे हुदै जलुके खण्डको करमघाट र मास्ते गैरामा मिति २०८२/६/१७ र १८ मा परेको अविरल वर्षाले ढुङ्गा एवम् पहिरो झरी सडक अवरुद्ध भएकोले तत्काल सडक सञ्चालन गर्नका लागि एक्साभेटर प्रयोग गरी पहिरो हटाउँदा लागेको खर्च रु ११८,३१९। भ्याट सहित विपद् व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने।

६. अरुणखोलाको विभिन्न स्थानमा अवैध रुपमा संकलन गरी राखेका ढुङ्गा (नदीजन्य पदार्थ) नगरपालिकाले जफत गरेको हुदाँ उक्त जफत गरेका ढुङ्गा (नदीजन्य पदार्थ) नापजाँच गरी लिलामी प्रक्रिया अगाडि बढाउने।

तथा प्रारम्भिक वातावरणीय अध्ययन प्रतिबेदन,२०८२ संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा ७ बमोजिम स्वीकृत गर्ने। साथै नगरपालिका क्षेत्रभित्र निजि जग्गाको स्वरुप मिलाउने र बढी भएको माटो बेचबिखन प्रयोजन अनुमतिको लागि माग भई आएको अवस्थामा सम्बन्धित वडा कार्यालयको सिफारिस साथ जग्गाधनी प्रमाणपुर्जा भएका जग्गाको हकमा संघीय कानून, खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा १२(४), गण्डकी प्रदेश सरकारको आर्थिक ऐन २०८२ को अनुसूची-७ को क्र.स. ५, स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३, दफा ११(१) "प", आर्थिक ऐन, २०७५ र केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले मिति २०७५/३/३२ र २०७५/११/१९ मा स्थानीय सरकार संचालन ऐन २०७४ को प्रथम पटक संशोधन र थप गरेको दफा ६२ "क" अनुसार, माटो उत्खनन् तथा संकलन गर्नु पर्ने जग्गाको सम्बन्धित जग्गाधनी वा प्रस्तावक फर्म/कम्पनीले अनिबार्य बातावरणीय प्रभाव मुल्यांकन तथा प्रारम्भिक वातावरणी परिक्षण र प्राविधिक परिमाण अनुमानबाट निर्धारित भएको परिमाणमा सिमेन्ट कारखानामा बिक्री गर्ने प्रयोजन बाहेक सर्वसाधारणले निजी प्रयोगको निमित्त उपयोग गरी आएको प्रचलनमा प्रतिकुल असर नपर्ने साधारण निर्माणमुखी माटोजन्य बस्तु गण्डकी प्रदेशको आर्थिक ऐन, २०८२ र नगरपालिकाको आर्थिक ऐन, २०८२ र माटो उत्खनन् ओसारपसार तथा बिक्री बितरणलाई व्यवस्थित गर्ने कार्यविधि, २०७६ ले निर्धारण गरेको शुल्क एकमुष्ठ दाखिला गर्न लगाई नियमानुसार बिक्री अनुमति दिने।

देहायः

| क्र.स. | जग्गाधनीको नाम थर | वडा नं. | कि.नं. | क्षेत्रफल | प्रस्तावक |
|---|---|---|---|---|---|
| १. | प्रसाद बोहरा | ५ | ५५६ | ०-६-४ | आस्था सप्लायर्स मध्यबिन्दु -४ |
| २ | धन बहादुर रिजाल | ५ | ५६२ | ०-७-१ | |
| ३. | गङ्गा बहादुर बि.क. | ५ | ३१३ | ०-७-१५ | पन्च पाण्डव सप्लायर्स, मध्यबिन्दु,४ |
| ४. | हेमराज महतो | ५ | ५६० | ०-४-९ | |
| ५. | पर्दु कुमारी क्षेत्री | ५ | ३११ | ०-९-१७ | |
| ६. | तुलसी बि.क. | ५ | ८८४ | ०-१-० | |
| ७. | छेदी राम महतो | ५ | ६६८ | ०-४-१० | |
| ८. | बुद्धी राम धामी | ५ | ६६९ | ०-५-१५ | |
| ९. | श्यामलाल महतो | ५ | ६७० | ०-६-२ | |
| १०. | बुद्धि कुमाल | ५ | ६७१ | ०-३-० | |
| ११. | रामा थारु | ५ | ६७३ | ०-३-० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२. | पंकज कुमाल | ५ | ६०७ | ०-७-१७-० | भू- बनोट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. धुलिखेल न.पा-११, काभ्रे |
| १३. | सोम बहादुर कुमाल | ५ | ६०८ | ०-३-१६-० | |
| १४. | दल बहादुर कुमाल | ५ | ६०५ | ०-३-१७-० | |
| १५. | धन बहादुर कुमाल | ५ | ९१२ | ०-३-१९.७५-० | |
| १६. | दरामे कुमाल | ५ | ८९३ | ०-४-०-० | |
| १७. | सेती कुमाल | ५ | १०६० | ०-२-५-० | |
| १८. | बम बहादुर बि.क. | ५ | १०५८,१०६१ | ०-१-१-०,०-१-१-० | |
| १९. | गंगे दमाई | ५ | ६४० | ०-६-१८-० | |
| २०. | बत्तीमाया सुनार | ५ | ४६६ | ०-८-१४-० | |
| २१. | चेत बहादुर खाण ठकुरी | ५ | ४७७,४७८,४९७ | ०-३-७-०, ०-६-८-०, ०-२-८-० | |
| २२. | जित बहादुर थापा क्षेत्री | ५ | ४१७, ४१८ | ०-१३-१३-०, ०-४-३-० | |
| २३. | गोबिन्द बि.क. | ५ | १०६३ | ०-१-१-० | |
| २४. | गङ्गा बहादुर बि.क. | ५ | १०६५,१०६७ | ०-१-०-०, ०-१-०-० | |
| २५. | गङ्गा घिमिरे | ५ | ६१९ | ०-५-०-० | |
| २६. | बिष्णु बहादुर बि.क. | ५ | ५२७,५३८ | ०-३-५, ०-८-१ | चोरमारा कन्स्ट्रक्सन, मध्यबिन्दु -७ नवलपरासी(ब.सु.पू.) |
| २७. | राम प्रसाद पाठक | ५ | २६ | ०-२-० | |
| २८. | काले बि.क. | ५ | ६२५ | ०-५-१ | |
| २९. | प्रकाश कुमाल | ५ | ६०७ | ०-७-१७ | |
| ३०. | पंकज कुमाल | ५ | ६०७ | ०-३-१८-५ | |
| ३१ | बिमा कुमारी थरुनी | ५ | ५९१ | ०-८-१४ | |
| ३२. | सोम कुमारी थरुनी | ५ | ८१,८२,८३,८४ | ०-६-१९, ०-१-१, ०-३-१२, ०-०-७ | |
| ३३ | छाप बहादुर कुमाल | ५ | ५६,५७ | ०-४-० | |

७. नगरपालिकाको रहेको बिद्यमान संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदनलाई कार्यक्रम, कार्यबोझ, कार्यप्रकृति र औचित्यताको आधार मानी कानूनी प्रावधान तथा कार्यदक्षता अभिवृद्धि गर्ने गरी अध्यावधिक मस्यौदा पेश गर्नका लागि शिक्षा युवा तथा खेलकुद महाशाखा प्रमुखको संयोजकत्वमा देहायको संगठन तथा व्यवस्थापन सर्भेक्षण अध्यावधिक मस्यौदा समिति गठन गर्ने।

| | |
|---|---|
| संयोजकः | पदमराज आचार्य शिक्षा महाशाखा प्रमुख |
| सदस्यः | सुमनराज रेग्मी आर्थिक प्रशासन शाखा प्रमुख |
| सदस्यः | भोलानाथ शर्मा पौडेल योजना तथा अनुगमन शाखा प्रमुख |
| सदस्यः | प्रेम वहादुर सारु राजश्व शाखा प्रमुख |
| सदस्य सचिवः | अनिल आचार्य प्रशासन शाखा प्रमुख |

८. नगरपालिकामा विगत देखि सेवा करारमा कार्यरत सवै कर्मचारीहरुको करार अवधि छ महिना (२०८३ असार मसान्तसम्म) थप गर्ने ।

९. नवलपुर स्वास्थ्य चौकी मध्यविन्दु २ मा एम्बुलेन्स आवश्यक भई आ. व. २०८२/ ०८३ को स्वीकृत वार्षिक कार्यक्रममा एम्बुलेन्स खरिदमा बजेट विनियोजन भएको हुदाँ उक्त संस्थाको नाममा एम्बुलेन्स खरिद गर्ने। साथै एम्बुलेन्स खरिदका लागि नियमानुसार राजश्व छुटका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।

१०. नगरपालिकाले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा रहेका स्थानीय तह/नगरपालिकासँग आपसी अनुभव आदान–प्रदान, सांस्कृतिक, सामाजिक, आर्थिक तथा प्राविधिक सहयोगलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ भगिनी सम्बन्ध (Sister City Relationship) कायम गर्ने। राष्ट्रिय तथा अन्तराष्ट्रिय नगरपालिकासँग भगिनी सम्बन्ध कायम गर्न आवश्यक प्रारम्भिक अध्ययन, छलफल तथा समन्वय गर्ने, सहमति पत्र तयार गर्न, कार्यान्वयनका लागि कार्यक्रम प्रस्ताव गर्न र सम्बन्धित मन्त्रालयसँग समन्वय गरी आवश्यक कागजात तयार गर्नका लागि देहायको भगिनी सम्बन्ध सहजीकरण तथा कार्यान्वयन समिति गठन गर्ने।

| | |
|---|---|
| संयोजकः | सुमनराज रेग्मी (आर्थिक प्रशासन शाखा) |
| सदस्यः | भोलानाथ शर्मा पौडेल (योजना तथा अनुगमन शाखा) |
| सदस्यः | अक्षय वाग्ले (मध्यविन्दु ८) |
| सदस्यः | मेघराज श्रेष्ठ (मध्यविन्दु ३) |
| सदस्य सचिवः | अनिल आचार्य प्रशासन शाखा |

११. आगामी आर्थिक वर्ष २०८३।८४ को संघीय समपुरक, संघीय विशेषका लागि देहायका योजनाहरुलाई प्राथमिकताक्रम अनुसार पेश गर्ने निर्णय गरियो।

क. संघीय समपुरक तर्फः

१. मध्यविन्दु ८ चौरङ्गी देखि हर्वास्टार धारापानी हुदै बाहुनीकुना सडक स्तरोन्नति (क्रमागत)

२. मध्यविन्दु चक्रपथ मध्यविन्दु १, २, ३, ५, १० र ११ (नयाँ)

ख. संघीय विशेष तर्फः

१. प्रसौनी खानेपानी आयोजना मध्यविन्दु १५ (नयाँ)

१२. आ. व. २०८२/ ८३ मा रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्राथमिकताक्रम सूचिमा सूचिकृत भएका ६५२ जना बेरोजगारहरुको विवरण प्रमाणीकरण गर्ने।

१३. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को परिच्छेद ३ को बुदाँ नं. ११ बमोजिमको स्थानीय कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने। समितिको सदस्यको रुपमा स्थानीय तहमा रहेका बैङ्क तथा वित्तीय संस्थाको प्रतिनिधिको रुपमा नेपाल बैङ्क चोरमारा शाखालाई तोक्ने।

१४. आ. व. २०८१.०८२ को नदीजन्य पदार्थ उत्खनन् तथा संकलन ठेक्का बमोजिम उत्खनन् तथा संकलन गरेको परिमाण नापजाँच हुँदा देहायका फर्म/ कम्पनीहरुले बढी संकलन गरी मौज्दात गरी राखेको प्राविधिक प्रतिवेदनबाट देखिएकोले उक्त बढि संकलन गरी राखेका फर्म/ कम्पनीहरुको बढी संकलित नदीजन्य पदार्थको नियमानुसार लाग्ने रकम दाखिला नगर्दा सम्मको लागि बिक्री वितरण रोक्का राख्ने।

देहायः

क. इलाइट निर्माण सेवा काठमाडौं - १६

ख. महारुद्र कन्स्ट्रक्सन प्रा. लि. मनहरी -७ मकवानपुर

ग. रमणीय रुवी भ्याली कन्स्ट्रक्सन तार्केश्वर ललितपुर

१५. रास्ट्रिय प्राथमिकता प्राप्त आयोजना नारायणघाट- बुटवल सडक योजना स्तरोन्नतिको लागि China State Construction Engineering Corporation Ltd. ले सडक स्तरोन्नतिको लागि खरिद गर्ने निर्माण सामग्री क्रसिंङ्ग प्रयोजनको लागि ११ नं वडामा रहेको घुम्ती मोबाइल क्रसरको हाल उल्लिखित आयोजनाको निर्माण सम्पन्न गर्ने म्याद थप भएकोले सो घुम्ती मोबाइल क्रसर संचालनको लागि China State Construction Engineering Corporation Ltd. को मिति 22 ,December 2025, Ref: CSCEC/ADB/SASEC/General/NB-2025-01-577 को निवेदन प्राप्त भई, SASEC ROADS IMPROVEMENT PROJECT (SRIP) को January, 12, 2026 को Ref: SRIPCSC/DOR/NB-01/2026 .31 को पत्रबाट नारायणघाट-बुटवल सडक योजना(पूर्वी खण्ड) गैंडाकोट, नवलपरासी (ब.सु.पू.)लाई सिफारिस गरिएको पत्र, नारायणघाट-बुटवल सडक योजना(पूर्वी खण्ड) गैंडाकोट, नवलपरासी (ब.सु.पू.)बाट मिति २०८२/०९/२८ को च.नं. ८९-०८२/०८३ को पत्रबाट उल्लिखित रास्ट्रिय प्राथमिकता प्राप्त आयोजना नारायणघाट- बुटवल सडक योजना स्तरोन्नतिको म्याद

थप भएकोले July 23,2026 सम्म संचालनको लागि स्वीकृत/अनुमतिको लागि अनुरोध भई आएकोले, नदीजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२ बमोजिम ठुला, रुपान्तरणकारी, राष्ट्रिय गौरव तथा प्राथमिकता प्राप्त आयोजनाको लागि बिशेष व्यवस्था अनुसार संचालित आयोजनालाई स्थानीय तहले आवस्यक पर्ने निर्माण सामग्री प्रचलित शुल्क र दस्तुर लिई उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ। घुम्ती क्रसरको अनुमति/संचालन सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था नभएको र उक्त आयोजनाले खरिद गर्ने नदीजन्य पदार्थ क्रसिङ्ग प्रयोजनको लागि घुम्ती क्रसरको संचालन अनुमति न दिदा प्राथमिकता प्राप्त आयोजनाको दैनिक निर्माण कार्यमा बाधा पर्न जाने र लक्ष्य अनुसार उक्त आयोजनाको कार्यसम्पादन र प्रगतिमा अवरोध उत्पन्न हुन सक्ने परिस्थितिलाई समेत मध्यनजर गरी, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, Project Directorate (ADB), Kathmandu, Nepal and China State Construction Engineering Corporation Ltd. Beijing, China (Contractor) बीच भएको Contract Agreement, DPR, Environment Impact Assessment (EIA) Report of Narayanghat - Butwal Road, मा समेत क्रसर प्लान्ट र स्क्रिन प्लान्ट इत्यादि जडान गर्न पाउने व्यवस्था रहेकोले,China State Construction Engineering Corporation Ltd.Benijing, China र Memco Engineering Pvt.Ltd. Sanepa ,Lalitpur , VAT No : 609523928 बीच 15th January, 2025 मा क्रसर संचालनको लागि भएको सम्झौता पत्र समेतको आधारमा उत्पादित सामाग्री आयोजना निर्माण प्रयोजन बाहेक अन्यत्र बिक्री बितरण र प्रयोग गर्न नपाउने गरी प्रचलित कानूनको अधिनमा रही China State Construction Engineering Corporation Ltd.Beijing, China संग सम्झौता भएको Memco Engineering Pvt.Ltd. Sanepa ,Lalitpur ,VAT No : 609523928 लाई २०८३ असार मसान्त सम्मको लागि घुम्ती क्रसर संचालन अनुमति दिने ।

१६. तपसिलका उल्लेखित शिर्षकबाट देहायका कार्यक्रम/ आयोजनाहरुमा बजेट विनियोजन तथा खर्च रकम अनुमोदन गर्ने।

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | रकम रु | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| १ | नेपाल पर्यटन बोर्डसँग साझेदारी | | २६७,०००।- | पर्यटन प्रवर्द्धन |
| २ | चौराहा नाला निर्माण तथा मर्मत | ३ | ५०,०००।- | पूर्वाधार मर्मत सम्भार |
| ३ | गायत्री महिला समूहको कृषिजन्य वस्तु संकलन केन्द्र मर्मत | २ | १००,०००।- | पूर्वाधार मर्मत सम्भार |
| ४ | सरस्वती मा. वि. हसौरा कावासोती ४ अनुदान | | ५०,००० ।- | संस्थागत विकास |

| | | | | |
|---|---|---|---|---|
| ५ | चोरमारा ब्याडमिन्टन क्लव फ्यान खरिद | ७ | ८४,०००।- | तथा समन्वय |
| ६ | मेन्था खेति बीउ अनुदान मध्यविन्दु १५ | | २०००० ।- | |
| ७ | द्वारदह टोलको माथिल्लो कुलो सिंचाई मोटर खरिद | ११ | १५०,०००।- | सिंचाई मर्मत |
| ८ | सिंचाई मोटर तथा पाइप खरिद | १५ | ६०,०००।- | सिंचाई मर्मत |
| ९ | रुखेनी कुलो निर्माण | १५ | १००,००० ।- | सिंचाई मर्मत |
| १० | आलोक चक्रपथ अन्तर्गत वडा नं. ४ मा पोल स्थानान्तरण | ४ | ४३६,००० ।- | विद्युत विस्तार |
| ११ | 50 KVA ट्रान्सफर्मर खरिद तथा फिटिङ्ग | १५ | ७२५,००० ।- | विद्युत विस्तार |
| १२ | नवदुर्गा मन्दिरमा जस्ता फेर्ने काम | १ | ७३००० ।- | धार्मिक स्थल संरक्षण तथा प्रवर्द्धन |

१७.प्रस्तावक तम्सरिया निर्माण सेवा प्रा.लि. मध्यविन्दु -७ भई, मध्यविन्दु नगरपालिका वडा नं ५ निवासी विर बहादुर बि.क.को नाममा रहेको स्वीकृत आई.ई.ई प्रतिवेदन र प्राविधिक प्रतिबेदन बमोजिम कि.नं. ५२७ बाट ६७७.२६४ घ.मि. र कि.नं. ५३८ बाट ९५४९.४१ घ.मि. गरी कुल १०२२६.७० घ.मि. माटोको एकमुष्ट रोयल्टी रु.२२,७४,३८१/, दाखिला गरी उत्खनन् गर्न पाउने गरी मिति २०८१/१०/०२ मा च.न.२२१८ को पत्रबाट ६६० घ.मि. र मिति २०८१/१०/११ को च.न. २३८० को पत्रबाट ९५६६.७ घ.मि. माटो उत्खनन् गर्न अनुमति प्रदान भई, विविध कारणले उत्खनन् कार्य स्थगन रहेको र मिति २०८२/२/१८ गते यस कार्यालयबाट स्थलगत नापजाँचको प्राविधिक प्रतिबेदनबाट कि.नं. ५२७ र कि.नं. ५३८ बाट क्रमशः ६५०.९९६१.घ.मि. र ६७८५.३१४८ घ.मि. गरी कुल ७४३६.३१०९ घ.मि. माटो उत्खनन् भई सकेको प्रतिबेदन प्राप्त भएकोले उक्त दुवै कि.नं. बाट बाँकी परिमाण २७९०.३६ घ.मि. माटो उत्खनन् गर्न पाउने देखिएकोले उल्लिखित जग्गाधनी र प्रस्तावक तम्सरिया निर्माण सेवा, मध्यबिन्दु -७ बीच भएको सम्झौता बमोजिम जग्गा सम्याउने र सम्याउदा निस्कने कुल परिमाण १०२२६.७० घ.मि. माटो मध्ये उत्खनन् गर्न बाँकी रहेको २७९०.३६ घ.मि. निर्माणमुखी माटो सिमेन्ट उद्योगमा निर्यात/ ढुवानी गर्ने प्रयोजन बाहेक अन्य प्रयोजनको लागि उत्खनन् तथा बिक्री बितरणको लागि अनुमति दिने ।

१८. यस नगरपालिकाका न्यायिक सहजकर्ता कमलविन्दु खनाललाई उजुरी प्रशासकको जिम्मेवारी प्रदान गर्ने।